# राष्ट्रिय विधि विज्ञान प्रयोगशाला
## वार्षिक प्रगति प्रतिवेदन
## २०८१/०८२


खुमलटार, ललितपुर

पो.ब.नं.४५४०, काठमाण्डौ, नेपाल ।

फोन नं.५९२०९२७, ५२५३०४९

Email: national.forensic@gmail.com

nafol@forensic.gov.np

http://www.forensic.gov.np

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार,
काठमाडौं नेपाल ।

पत्र संख्या:-
चलानी नं.:-

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल



## मन्तव्य

आर्थिक वर्ष २०८१/०८२ को अवधिमा राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट सम्पादन गरिएका कार्यहरुलाई समेटेर तयार पारिएको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ। यस प्रतिवेदनबाट विधि विज्ञानको उपयोग गरी अनुसन्धानका साथै लाभ लिन सक्ने निकाय, संघ, संस्था एवं इच्छुक व्यक्तिहरुलाई प्रयोगशालाको गतिविधि बारे विस्तृत जानकारी प्राप्त गर्न मद्धत पुग्नेछ भन्ने आशा गरेको छु ।

न्याय सम्पादनको लागि अत्यन्त महत्वपूर्ण हुने भौतिक सवूद प्रमाणहरुको वैज्ञानिक परीक्षण गरी राय प्रतिवेदन दिने मुख्य उद्देश्य सहित २०४३ सालमा स्थापित यो प्रयोगशाला विधि विज्ञान सम्बन्धी सेवा प्रवाहमा निरन्तर क्रियाशील रहेको छ । नेपाल सरकारको स्वीकृत वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन गर्दै प्रयोगशालाले आफ्नो सेवा प्रदेशस्तरमा पुऱ्याउने सिलसिलामा मधेश प्रदेश, सुदुरपश्चिम प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशमा स्थापित शाखा कार्यालयहरुबाट सेवा प्रवाह गर्न थालिएको छ।यसै सन्दर्भमा आ.ब. २०८२/०८३ मा गण्डकी र कोशी प्रदेशमा समेत शाखा कार्यालय स्थापना सम्बन्धी कार्य शुरु गर्ने लक्ष्य राखिएको छ। प्रदेशस्तर सम्म विधि विज्ञानको सेवा विस्तारको क्रममा रहेकोले सोको लागि उपयुक्त प्रयोगशाला भवन, वैज्ञानिक उपकरण, प्रविधि, सुरक्षा लगायतका पूर्वाधार एवं मानव संसाधन (जनशक्ति विकास) को क्षेत्रमा समेत प्रयोगशालाले उचित ध्यान दिनुपर्ने मैले महशुस गरेको छु ।

अन्तमा यो प्रतिवेदन तयार पार्न सहयोग गर्नु हुने कर्मचारीहरुलाई धन्यवाद दिदै आगामी दिनमा संघीय संरचना अनुसार सबै प्रदेशमा विधि विज्ञान प्रयोगशाला विस्तार भई सहज रुपमा गुणस्तरीय सेवा उपलब्ध गर्न सफलता प्राप्त होस् भन्ने अपेक्षा सहित शुभकामना व्यक्त गर्दछु ।

मिति: २०८२।०६।०८

(विश्व बाबु पुडासैनी)
अध्यक्ष
राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति
तथा
सचिव, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय

फोन नं.:
वेबसाइट : www.moest.gov.np

# राष्ट्रिय विधि विज्ञान प्रयोगशाला

खुमलटार, ललितपुर


आ. व. :-

च. नं. :-

## हाम्रो धारणा

राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट आर्थिक वर्ष २०८१/८२ मा सम्पन्न भएका कार्यहरुलाई समावेश गरी तयार पारिएको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरिएको छ । यस प्रतिवेदन सेवाग्राही संस्था, सरोकारवाला निकाय, व्यक्ति सबैलाई उपयोगी सावित हुनेछ भन्ने आशा गरिएको छ ।

प्रयोगशालाको खुमलटार स्थित मुख्य कार्यालयमा रहेका विषयगत शाखाहरु (टक्सिकोलोजी, वायोलोजी र डकुमेण्ट) बाट उक्त आर्थिक वर्षमा १३३७ केसका ४८९० वटा नमुनाहरु परीक्षण गरी सम्बन्धित निकायमा प्रतिवेदन पठाइएको थियो । परीक्षण गरिएका केसहरु मुख्य रुपमा अदालत, प्रहरी, लागू औषध नियन्त्रण व्यूरो, वन तथा निकुञ्ज, Records Office of British Gurkhas लगायतका निकायहरुबाट प्राप्त विषादी, लागू औषध, डि.एन.ए., वन्यजन्तुका आखेटोपहार, औंठाछाप, हस्ताक्षर, विवादीत लिखत आदि संग सम्बन्धित थिए । नेपाल सरकारको नीति अनुसार हरेक प्रदेशमा विधि विज्ञान प्रयोगशाला स्थापना गर्ने क्रममा मधेश प्रदेश, सुदुरपश्चिम प्रदेश, लुम्विनी प्रदेश र कर्णाली प्रदेशमा स्थापित शाखा कार्यालयहरुबाट सेवा प्रवाह शुरु भईसकेको छ । शाखा कार्यालयहरुमा परीक्षण सेवा विस्तार गर्ने क्रममा यस आर्थिक बर्षबाट बर्दिवास र बुटवल शाखा कार्यालयमा लागू औषध सम्बन्धी परीक्षण सेवा सन्चालनमा ल्याइएको छ । यसै आ.व. मा प्रयोगशालाका रिक्त पदहरुको पदपूर्ति प्रक्रिया सम्पन्न भएको र नयां नियुक्त कर्मचारीहरुको लागि अभिमुखिकरण तालीम प्रदान गरी विभिन्न कार्यालयहरुमा पदस्थापन गर्ने कार्य समेत सम्पन्न गरिएको छ ।

आ.व २०८१।८२ को विनियोजित वजेटबाट केन्द्र तथा शाखा कार्यालयको लागि Gas Chromatography Mass Spectrometry (GCMS), Video Spectral Comparator (VSC), Automated DNA Extraction System एवं DNA kits & Accessories लगायतका ल्याव सामाग्रीहरुको व्यवस्था गरिएको थियो । प्रयोगशालाको समग्र वार्षिक वजेट तथा कार्यक्रम कार्यन्वयनमा ८८ प्रतिशत भौतिक प्रगति र ७३ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ । यसैगरी हालसम्मको सम्पूर्ण आर्थिक वेरुजु शुन्य रहेको छ ।

प्रयोगशालाको महोत्तरीको वर्दिवास (मधेश प्रदेश) स्थित शाखा कार्यालयबाट सो आ.ब. मा ५१२ केसका २९१२ नमुनाहरु, कैलालीको धनगढी (सुदुरपश्चिम प्रदेश) शाखा कार्यालयबाट १३४२ केसका ३२७७ नमुनाहरु तथा रुपन्देहीको वुटवल (लुम्विनी प्रदेश) शाखा कार्यालयबाट २१३ केसका ८८१ नमुनाहरु परीक्षण गरी प्रतिवेदन प्रदान गरिएको थियो ।

अन्त्यमा, सदाझै आगामी वर्षहरुमा पनि प्रयोगशालाले अख्तियार गर्ने नीति एवं कार्यक्रम कार्यान्वयनमा सम्वद्ध पक्षहरुबाट निरन्तर रचनात्मक सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु । प्रयोगशालासँग प्रत्यक्ष परोक्ष सहकार्य गर्ने सम्बद्ध सबैलाई आभार व्यक्त गर्दै यस वार्षिक प्रतिवेदन तयारीमा संलग्न लगायत प्रयोगशालाका सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

मितिः २०८२।०६।०७

(विरेन्द्र राज शाक्य)
नि.कार्यकारी निर्देशक


ठेगाना :- खुमलटार, ललितपुर, फोन नं.: ०१-५९२०९२७,०१-५२५३०४९

Email: nafol@forensic.gov.np, national.forensic@gmail.com, Website: www.forensic.gov.np

# विषय-सूची

पृष्ठ संख्या


१. परिचय ........................................................................ १

२. प्रयोगशालाको उद्देश्य ........................................................ १

३. समिति र समितिको बैठक ...................................................... २

४. शाखा कार्यालयहरु स्थापना ................................................... २

५. नमुना परीक्षण कार्य प्रगति .................................................... ३

६. टक्सिकोलोजी इकाई ............................................................ ९

७. केमिष्ट्रि तथा नार्कोटिक्स इकाई ............................................. १०

८. डी.एन.ए. इकाई .............................................................. ११

९. वन्यजन्तु इकाई ................................................................ १२

१०. बायोलोजी तथा सिरोलोजी इकाई ............................................ १३

११. विवादित प्रलेख इकाई......................................................... १४

१२. शाखा कार्यालय तर्फ ........................................................... १६

१३. कार्यक्रम तथा खर्चको बार्षिक प्रगति ....................................... २२

१४. प्रयोगशाला अवलोकन........................................................... २३

१५. अदालतमा विशेषज्ञ साक्षीको बकपत्र......................................... २४

१६. वेरुजू फछ्र्यौट.................................................................. २४

अनुसूची १ ........................................................................ २५

अनुसूची २ ........................................................................ २७

अनुसूची ३ ........................................................................ २९

अनुसूची ४......................................................................... ३०

अनुसूची ५......................................................................... ३१

अनुसूची ६ ........................................................................ ३४

## १. परिचय

विधि विज्ञान (Forensic Science) भौतिक सवूत प्रमाणहरुको परीक्षण, विश्लेषण, तुलना, पहिचान आदिसंग सम्बन्धित विज्ञान हो र यसको प्रयोजन खास गरी अपराध अनुसन्धान तथा न्याय सम्पादनमा गरिन्छ। भौतिक सवूत प्रमाणले झूठो नबोल्ने, पक्ष विपक्षको आधारमा बयान नदिने, अदालत समक्ष प्रत्यक्ष साक्षीको रुपमा पेश गर्न सकिने र आवश्यकता परे पुनः परीक्षणको लागि संरक्षण गरी राख्न सकिने भएकोले देखि जान्ने तथा मानवीय साक्षी प्रमाण भन्दा भौतिक सवूत प्रमाणको विशेष महत्व रहेको हुन्छ।

अपराध अनुसन्धान तथा न्याय सम्पादनमा भौतिक सवूत प्रमाणको वैज्ञानिक परीक्षणको महत्वलाई हृदयङ्गम गरी न्याय सुधार आयोग (२०४०) ले एउटा स्वतन्त्र एवं स्वशासित संस्थाको रुपमा विधि विज्ञान प्रयोगशालाको स्थापना गरी त्यसलाई साधन सम्पन्न गर्ने र दक्ष विशेषज्ञहरुद्धारा सबै किसिमका जाँच गराउन सक्ने व्यवस्था गर्नु पर्ने भन्ने प्रतिवेदन दिए अनुसार राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको स्थापना वि.सं.२०४३ मा भएको थियो। तत्काल नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठान (नाष्ट) द्धारा स्थापना कार्य शुरु गरिएको उक्त प्रयोगशाला २०५२ सालदेखि कानुन तथा न्याय मन्त्रालय अन्तर्गत विकास समिति गठन गरी संचालन गरिएको थियो। हाल राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति (गठन) आदेश, (पहिलो संशोधन, २०५७) बमोजिम यो प्रयोगशाला शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत संचालन भईरहेको छ।

## २. प्रयोगशालाको उद्देश्य

- विधि विज्ञानसंग सम्बन्धित विभिन्न विषय वा क्षेत्रहरुमा अध्ययन अनुसन्धान, परीक्षण तथा विश्लेषण गर्ने गराउने ।
- न्याय सम्पादनको लागि कुनैपनि जीव, निर्जीव विषय वस्तु वा दशी वा भौतिक तथा रसायनिक चिजहरुको वैज्ञानिक परीक्षण गर्ने ।
- प्रयोगशालाबाट गरिएका वैज्ञानिक तथा प्राविधिक परीक्षण एवं विश्लेषणका सम्बन्धमा कुनै निकायबाट राय माग भएमा सो दिने ।
- अदालतबाट माग भएको विवरण उपलब्ध गराउने वा कुनै विशेषज्ञलाई अदालतमा उपस्थित भई वकपत्र गर्न पठाउने ।
- विधि विज्ञानसंग सम्बन्धित राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिहरुसंग सम्पर्क राखी प्रयोगशालाको विस्तार तथा सुदृढीकरणको लागि आवश्यक कार्य गर्ने ।
- प्रयोगशालाको सेवा प्राप्त गर्ने सरकारी, अर्ध सरकारी तथा गैर सरकारी संस्थामा कार्यरत व्यक्तिहरुलाई विधि विज्ञान सम्बन्धमा आवश्यक तालिम दिने ।

हाल प्रयोगशालाले टक्सिकोलोजी, केमिष्ट्री, लागूपदार्थ, सिरोलोजी, बायोलोजी, वन्यजन्तु, डी.एन.ए., विवादित प्रलेख आदि विभिन्न विषयसँग सम्बन्धित नमुनाहरुको परीक्षण सेवा उपलब्ध गराउँदै आएको छ। प्रयोगशालाको सेवा उपयोग गर्ने मुख्य निकायहरुमा अदालत, प्रहरी, लागू औषध नियन्त्रण ब्यूरो पर्दछन्। त्यस वाहेक अख्तियार दुरुपयोग अनुसन्धान आयोग, वन कार्यालय, निकुञ्ज, ऋण असूली न्यायाधिकरण, राजश्व अनुसन्धान विभाग, अध्यागमन विभाग, जिल्ला प्रशासन कार्यालय, लोक सेवा आयोग, बैंक आदि संस्थाहरुबाट पनि केसहरु परीक्षणको लागि प्राप्त हुन्छन्।

प्रयोगशालाले गरेको कार्य प्रगति सम्बन्धित निकाय तथा व्यक्तिलाई उपलब्ध गराउने उद्देश्यले तयार पारिएको यस बार्षिक प्रगति प्रतिवेदनमा आ.ब.२०८१।८२ मा भए गरेका कार्यहरुको संक्षिप्त जानकारी प्रस्तुत गरिएको छ।

## ३. समिति र समितिको बैठक

राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति (गठन) आदेश, २०५२ मा तोकिए बमोजिम सो समितिमा सम्बन्धित निकायबाट आ. व. २०८१/८२ मा प्रतिनिधित्व गर्नुहुने सदस्यहरुको नामावली अनुसूची ३ मा दिइएको छ। आ.व. २०८१/८२ को अवधिमा सो समितिको बैठक पाँच पटक क्रमशः मिति २०८१।४।१८, २०८१।५।२३, २०८१।८।६, २०८१।११।१८ र २०८२।३।३० मा बसेको थियो।

## ४. शाखा कार्यालयहरु स्थापना

नेपाल सरकारको आ.ब. २०७६/७७ को नीति, कार्यक्रम तथा वजेट वक्तव्य (बुँदा नं. ४५) मा "बायोलोजिकल, सेरोलोजिकल र अपराध अनुसन्धानलाई सहज बनाउन हाल संघीय तहमा रहेको राष्ट्रिय विधि विज्ञान प्रयोगशालालाई केन्द्रीय अनुसन्धानात्मक निकायको रुपमा विकास गरी हरेक प्रदेशमा विधि विज्ञान प्रयोगशाला स्थापना गरिनेछ" भन्ने उल्लेख भएकोमा सो कार्यान्वयनको सिलसिलामा आ.व. ०७६/७७ को अन्त्यतिर मधेश प्रदेशको महोत्तरी (वर्दिवास) र सुदूरपश्चिम प्रदेशको कैलाली (धनगढी) मा स्थापित शाखा कार्यालयहरुले आ. व. ०७७/७८ बाट परीक्षण सेवा शुरुवात गर्न सफल भएको छ भने आ.व. ०७८/७९ मा लुम्विनी प्रदेशको वुटवलमा थप एक शाखा कार्यालय स्थापना भई आ.ब. ०७९/८० बाट परीक्षण सेवा शुरुवात शुरु भइसकेको अवस्था छ। यसैगरी आ.ब. ०७९/८० मा कर्णाली प्रदेशको सुर्खेत (विरेन्द्रनगर) मा समेत प्रयोगशालाको शाखा कार्यालय स्थापनाको कार्य शुरु भई आ.ब. ०८०/८१ मा सम्पन्न भएको थियो। संघीय तह (काठमाण्डौं) मा मात्र सिमित रहेको प्रयोगशालाको सेवाहरु संघीय संरचना अनुसार प्रदेश तहबाट उपलव्ध भएकोले विधि

विज्ञान सम्बन्धी परीक्षण सेवाहरु थप सहज एवं छिटो हुन गई अपराध अनुसन्धान तथा न्याय सम्पादनमा महत्वपूर्ण सहयोग पुगेको अवस्था देखिएको छ । चालु सोह्रौ योजनामा समेत राष्ट्रिय विधि विज्ञान प्रयोगशाला थप दुई प्रदेशमा विस्तार गर्ने तथा केन्द्रीय प्रयोगशालालाई अनुसन्धान संस्थाको रुपमा स्तरोन्नति गरिने विषय समाविष्ट छ।

## ५. नमुना परीक्षण कार्य प्रगति

राष्ट्रिय विधि विज्ञान प्रयोगशालाका केन्द्र तथा शाखा कार्यालयहरुबाट यस आर्थिक वर्ष ०८१/८२ मा टक्सिकोलोजी, केमेष्ट्री, लागूऔषध, डि.एन.ए. बायोलोजी/सिरोलोजी तथा वन्यजन्तु एवं विवादित प्रलेखसम्बन्धी समग्रमा ३४०४ केसका तथा ११९६० नमूनाहरुको परीक्षण भएको छ।

राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको मुख्य कार्यालय, खुमलटार तर्फ १२७८ केसका ४५१८ नमुना प्राप्त भएकोमा १३३७ केसका ४८९० नमुना परीक्षण भएको छ। यसैगरी प्रयोगशालाको शाखा कार्यालय, बर्दिवासतर्फ ५५६ केसका ३०७४ नमुना प्राप्त भएकोमा ५१२ केसका २९१२ नमुना परीक्षण भएको, शाखा कार्यालय, धनगढीतर्फ १३३७ केसका ३३८० नमुना प्राप्त भएकोमा १३४२ केसका ३२७७ नमुना परीक्षण भएको एवं शाखा कार्यालय, बुटवलतर्फ २२२ केसका ९१९ नमुना प्राप्त भएकोमा २१३ केसका ८८१ नमुना परीक्षण भएको छ। यस आ.व. को केस तथा नमुना प्राप्ति एवं परीक्षणको समग्र विवरण तालिका नं.१ मा दिइएको छ।

**तालिका १ आ.व. २०८१/८२ को विस्तृत केस प्राप्ति एवं परीक्षणको समग्र विवरण**

| | २०८१ असार मसान्त सम्मको पेण्डीङ्ग | आ.व.२०८१।०८२ को जम्मा | | २०८२ असार मसान्त सम्मको पेण्डीङ्ग |
|---|---|---|---|---|
| | | प्राप्त | परीक्षण | |
| केन्द्रीय कार्यालय, खुमलटार | १३५ (७३६) | १२७८ (४५१८) | १३३७ (४८९०) | ७६ (३६४) |
| शाखा कार्यालय, बर्दिवास | ४८ (१५६) | ५५६ (३०७४) | ५१२ (२९१२) | ९२ (३१२) |
| शाखा कार्यालय, धनगढी | २६ (१०४) | १३३७ (३३८०) | १३४२ (३२७७) | २० (१८६) |
| शाखा कार्यालय, बुटवल | ० (०) | २२२ (९१९) | २१३ (८८१) | ९ (३८) |
| कुल जम्मा | २०९ (९९६) | ३३९३ (११८९१) | ३४०४ (११९६०) | १९७ (९००) |

नोटः कोष्ठ बाहिरको केस संख्या र कोष्ठ भित्रको नमुना संख्या हो ।

शाखा कार्यालयहरुबाट प्रादेशिक स्तरमा उपलब्ध भएको विधि विज्ञान सम्बन्धि परीक्षण सेवाले विभिन्न निकायहरुबाट गरिने कसुरको अनुसन्धान तथा न्याय सम्पादनमा सहयोग पुगेको छ।

विगत पाँच वर्षको अवधिमा प्रयोगशालाका केन्द्र तथा शाखा कार्यालयहरुमा बार्षिक रुपमा प्राप्त हुने केसहरुको संख्या बढदो क्रममा रहेको पाईन्छ। यस अवधिमा परीक्षणका लागि कुल एघार हजार सात सय छपन्न वटा केस प्राप्त भएकोमा एघार हजार आठ सय बाह्र वटा केसहरुको परीक्षण गरी सम्बन्धित निकायहरूमा प्रतिवेदन गरिएको छ । समग्ररुपमा प्रयोगशालाको आर्थिक वर्ष २०७७/७८ देखि २०८१/८२ सम्मको विगत पाँच बर्षको केस प्राप्ति एवं परीक्षणको विस्तृत विवरण तालिका नं.२ मा दिइएको छ।

**तालिका २ विगत पाँच बर्षको केस प्राप्ति एवं परीक्षणको विस्तृत विवरण**

| क्र.सं. | आर्थिक वर्ष | प्राप्त केस संख्या | परीक्षण संख्या |
|---|---|---|---|
| १ | २०७७/०७८ | १७१५ | १२०० |
| २ | २०७८/०७९ | १६६८ | १७२९ |
| ३ | २०७९/०८० | २२८७ | २७६४ |
| ४ | २०८०/०८१ | २६९३ | २७१५ |
| ५ | २०८१/०८२ | ३३९३ | ३४०४ |
| | **जम्मा** | **११७५६** | **११८१२** |

साथै आ.ब २०८१/८२ मा यस प्रयोगशालाको मुख्य कार्यालय तर्फ टक्सिकोलोजी, बायोलोजी तथा सिरोलोजी, डी.एन.ए, लागू औषध, केमिष्ट्रि, विवादित प्रलेख आदि विभिन्न विषयसंग सम्बन्धित जम्मा १२७८ केसहरु परीक्षणका लागि प्राप्त भए। यस आ.ब.मा जम्मा १३३७ वटा केसहरु (गत आ.ब. ०८०/८१ को पेण्डिङ १३३ समेत) परीक्षण भई फछ्र्यौट गरिएकोमा ७६ केसहरु परीक्षण गर्न बाँकी रहेका छन्। प्रयोगशालाको विगत पाँच बर्षको केस/नमुना विवरण तालिका नं.३ मा र यस आ.व. को केस तथा नमुना विवरण तालिका नं.४ मा दिइएको छ भने अन्य थप विवरण सम्बन्धित इकाईको शीर्षकमा दिइएको छ। यस्तै विगत पाँच बर्षको प्राप्त केस, फछ्र्यौट केस र फछ्र्यौट हुन बाँकी केसको विवरण रेखाचित्र नं. १ मा देखाइएको छ। साथै विगत १० बर्षको केस विवरण लिनियर ग्राफको रुपमा रेखाचित्र नं. २ मा देखाइएको छ।

## तालिका ३: विगत पाँच वर्षको केस (नमुना) परीक्षण विवरण (केन्द्र तर्फ):

| इकाई | २०७७।०७८ | | २०७८।०७९ | | २०७९।०८० | | २०८०।०८१ | | २०८१।०८२ | | २०८२ असार मसान्त सम्मको पेण्डीङ्ग |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्राप्त | परीक्षण | प्राप्त | परीक्षण | प्राप्त | परीक्षण | प्राप्त | परीक्षण | प्राप्त | परिक्षण | |
| टक्सिकोलोजी | ७३६ (९७२) | २५८ (४०१) | २२६ (३६१) | २८१ (४९५) | २२७ (४३८) | ८२५ (१२४७) | २४४ (४८८) | २४४ (४८८) | १९२ (४७९) | १९२ (४७९) | ० (०) |
| केमिष्ट्री तथा नार्कोटिक्स | २५७ (१२८९) | २५७ (१२८९) | २३४ (१०५०) | २३४ (१०५०) | ३२५ (१२११) | ३२५ (१२११) | ४७५ (१७३०) | ४७५ (१७३०) | ६०३ (१९८१) | ६०३ (१९८१) | ० (०) |
| बायोलोजी/सिरोलोजी तथा वन्यजन्तु | ११२ (१९२) | १०९ (१८३) | १०७ (१४७) | ११० (१५६) | ७५ (१०६) | ७४ (१०५) | ६९ (९८) | ७० (९९) | ४५ (५६) | ४५ (५६) | ० (०) |
| डी.एन.ए. | १२८ (२४०) | ११६ (२११) | १७२ (३१२) | १८६ (३४५) | १९२ (३५८) | १९१ (३५६) | १७२ (३५२) | १७१ (३५०) | १८३ (४१९) | १८२ (४१७) | ३ (६) |
| विवादित प्रलेख | १८० (९००) | १६९ (७६९) | २०६ (१२१५) | २२५ (१३२२) | २५६ (२१८७) | २२८ (१६५२) | ३३८ (३३२७) | ३०४ (३३४०) | २२५ (१५८३) | ३१५ (१९५७) | ७३ (३५८) |
| **जम्मा** | **१४१३ (३५९३)** | **९०९ (२८५३)** | **९४५ (३०८६)** | **१०३६ (३३६८)** | **१०७७ (४३००)** | **१६४३ (४५७१)** | **१२९८ (५९९५)** | **१२६४ (६००७)** | **१२७८ (४५१८)** | **१३३७ (४८९०)** | ७६ (३६४) |

नोट : कोष्ठ बाहिरको केस संख्या र कोष्ठ भित्रको नमुना संख्या हो ।

## तालिका ४ : आ.व.२०८१/८२ को विस्तृत केस तथा नमुना विवरण (केन्द्र तर्फ) :

| इकाई | २०८१ असार मसान्त सम्मको पेण्डीङ्ग | अदालतबाट | | प्रहरीबाट | | अन्य श्रोतबाट | | आ.व.२०८१।०८२ को जम्मा | | २०८२ असार मसान्त सम्मको पेण्डीङ्ग |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्राप्त | परीक्षण | प्राप्त | परीक्षण | प्राप्त | परीक्षण | प्राप्त | परीक्षण | |
| टक्सिकोलोजी | ० (०) | ० (०) | ० (०) | १७० (४०७) | १७२ (४१९) | २२ (७२) | २० (६०) | १९२ (४७९) | १९२ (४७९) | ० (०) |
| केमिष्ट्री तथा नार्कोटिक्स | ० (०) | ० (०) | ० (०) | ६०३ (१९८१) | ६०३ (१९८१) | ० (०) | ० (०) | ६०३ (१९८१) | ६०३ (१९८१) | ० (०) |
| बायोलोजी/सिरोलोजी तथा वन्यजन्तु | ० (०) | ० (०) | ० (०) | २ (५) | २ (५) | ४३ (५१) | ४३ (५१) | ४५ (५६) | ४५ (५६) | ० (०) |
| डी.एन.ए. | २ (४) | २० (५१) | १९ (४८) | ५३ (१०१) | ५३ (१००) | ११० (२६७) | ११० (२६९) | १८३ (४१९) | १८२ (४१७) | ३ (६) |
| विवादित प्रलेख | १३१ (७२८) | २२० (१३३५) | २५९ (१२११) | २४ (२०१) | ४१ (२७८) | ११ (४७) | १५ (४६८) | २२५ (१५८३) | ३१५ (१९५७) | ७३ (३५८) |
| जम्मा | १३३ (७३२) | २४० (१३८६) | २७८ (१२५९) | ८५२ (२६९५) | ८७१ (२७८३) | १८६ (४३७) | १८८ (८४८) | १२७८ (४५१८) | १३३७ (४८९०) | ७६ (३६४) |

नोटः कोष्ठ बाहिरको केस संख्या र कोष्ठ भित्रको नमुना संख्या हो ।

रेखाचित्र १: विगत ५ वर्षको प्राप्त, फछ्र्यौट र फछ्र्यौट हुन बाँकी केसको विवरण (केन्द्रतर्फ)



रेखाचित्र २: विगत १० वर्षमा प्राप्त तथा फछ्र्यौट गरिएका केसको विवरण



# ६. टक्सिकोलोजी इकाई

टक्सिकोलोजी इकाईमा जैविक (Biological) तथा अजैविक (Non-Biological) नमुनाहरुमा विभिन्न प्रकारका बिषादीहरु, लागू औषधहरु (Drugs of abuse), विषाक्त रक्सी (Ethanol) तथा अन्य रासायनिक पदार्थहरुको परीक्षण गरिन्छ ।

आ. ब. २०८१।८२ मा यस इकाईमा प्राप्त भएका जम्मा १९२ केसका ४७९ नमुनाहरु परीक्षण गरी सम्बन्धित निकायमा राय प्रतिवेदन पठाइयो । यस इकाईमा प्राप्त भएका अधिकांश केसहरु विभिन्न प्रहरी कार्यालयहरुबाट प्राप्त भएका थिए ।परीक्षण गरीएका केही केसका बकपत्रहरु समेत गरिएको थियो ।

**तालिका ५ : आ.ब. २०८१/०८२ मा केस प्राप्तिका श्रोतहरुः**

| क्र.सं. | श्रोतहरु | केस/नमुना संख्या | प्रतिशत (केस) |
|---|---|---|---|
| १ | प्रहरी कार्यालय | १५६ (३७०) | ८१.२५ |
| २ | अन्य कार्यालयहरु (नागरिक उड्यन प्राधिकरण, भेटनरी, वन कार्यालय, व्यक्तिगत केसहरु) | ३६ (१०९) | १८.७५ |
| | जम्मा | १९२ (४७९) | १०० |

**तालिका ६ः आ.ब. २०८१।०८२ मा परीक्षण गरिएका केसहरुको विवरणः**

| क्र. सं. | पहिचान केसको विवरण | केस संख्या |
|---|---|---|
| १ | Organophosphate Insecticide | १६ |
| २ | Organophosphate + Pyrethroid | १ |
| ३ | Pyrethroid | १ |
| ४ | Ethanol | ४१ |
| ५ | Rodenticides | १८ |
| ६ | Muscone | ४ |
| ७ | Urea | १ |
| ८ | Not identified cases | ११० |
| | जम्मा | १९२ |

## ७. केमिष्ट्रि तथा नार्कोटिक्स इकाई

आ.व. २०८१/०८२ मा यस इकाईमा परीक्षणका लागि कूल ६०९ केसका २०२३ नमुनाहरु प्राप्त भएका थिए। यस आ.व.मा प्राप्त सबै केसका नमुनाहरु परीक्षण गरी परीक्षण प्रतिवेदन सम्बन्धित निकायमा पठाइयो । परीक्षण गरिएका केसहरुमा लागू औषध प्रकृतिका नमुनाहरु ९८.५२२% र प्रज्वलनशील पदार्थ १.४७७% रहेका थिए । यस आ.ब. मा गाँजा, चरेस, तथा तयारी लागू औषधहरु हेरोइन, नाइट्राजेपाम, डाइजेपाम, बुप्रेनर्फिन, ट्रामाडोल, र प्रोमिथाजिनहरुको संख्या निकै देखियो । त्यसैगरी एम्फेटामाईन, एण्टिकफ, स्पास्मो, प्रित्र्यावलिन जस्ता नयाँ प्रकारका लागू औषधहरु परीक्षणको लागि प्राप्त भएका थिए ।

**तालिका आ.व. २०८१/०८२ मा केमिष्ट्रि तथा नार्कोटिक्स इकाईमा प्राप्त केसका श्रोतहरुः**

| श्रोतहरु | केस (नमूना) | |
|---|---|---|
| | २०८१/०८२ | प्रतिशत (केस) |
| प्रहरी | ४१० (१५११) | ६७.३२ |
| अदालत | १ (१) | ०.००१ |
| लागू औषध नियन्त्रण ब्यूरो | १९६ (५०८) | ३२ .१८ |
| अन्य निकाय | २ (३) | ०.००३२ |
| जम्मा | ६०९ (२०२३) | १०० |

**तालिका आ.व. २०८१/०८२ मा केमिष्ट्र तथा नार्कोटिक्स इकाईमा परीक्षण गरिएका केसहरुको प्रकृतिः**

| क्र.सं | केस प्रकृति | केस (नमूना) | प्रतिशत |
|---|---|---|---|
| **क) लागू औषध** | | | |
| १. | हेरोइन | १८५(२२७) | ३०.३७ |
| २. | गाँजा, चरेश | ११५(१३३) | १८.८८ |
| ३. | बुप्रेनर्फिन,डाइजेपाम, प्रोमिथाजिन | ७६(३०८) | १२.४७ |
| ४. | नाइट्राजेपाम | ३८(१४४) | ६.२३ |
| ५. | कोकिन | ७(१०) | १.१४ |
| ६. | ट्रामाडोल, स्पास्मो | १४३(५५४) | २३.४८ |
| ७. | एम्फेटामाइन | २(३) | ०.३१ |

| क्र.सं | केस प्रकृति | केस (नमूना) | प्रतिशत |
|---|---|---|---|
| ८. | कोडीन | २(२) | ०.३१ |
| ९. | अन्य केसहरू | ३२(७३) | ५.२५ |
| | जम्मा | ६००(२०१०) | ९८.५२ |
| ख) केमिष्ट्रि | | | |
| | प्रज्वलनशिल पदार्थ/ अन्य | ९(१३) | १.४७७ |
| | कूल जम्मा (क + ख) | **६०९(२०२३)** | **१००** |

## ८. डी.एन.ए. इकाई

डीएनए परीक्षणको लागि आ.व.२०८१÷८२ मा यस इकाईमा प्राप्त कुल १८३ केसका ४१९ नमुनाहरु मध्ये ३ केस बाहेक सबै केस नमुनाहरु परीक्षण गरिएको थियो।

यस आ.व.मा जैविक नाताकायम, गर्भपतन पदार्थ (भ्रुण वा POC) बाट पितृत्व पहिचान, व्यक्ति पहिचान सम्बन्धी कुल ११७ केसका ३३९ नमुनाहरु प्राप्त भएका थिए। यी केसहरु विभिन्न अदालत, प्रहरी कार्यालय, Records office of British Gurkhas, Immigration लगायतका संस्थाहरुबाट प्राप्त भएका थिए। अदालतबाट कुल २० केसका ५१ नमुनाहरु प्राप्त भएका थिए।

यसैगरी जाति प्रजाति पहिचान (Species identification) सम्बन्धी कुल ६६ केसका ८० नमुनाहरु प्राप्त भएकोमा ३ केस चोरी तथा कालोबजारी (शंकित बाख्रीको मासु), २३ वटा केस गौवध अपराधसँग सम्बन्धित थिए भने ४० केस शंकित वन्यजन्तु अपराध अन्तर्गतका रहेका थिए। यस्ता केस नमुनाहरुमा मासु, हाड, दाँत, हात्तीको दाँत र हाड, छाला, रौं, पित्त, सिंग, खाग, नङग्रा, कस्तूरी बीना, रगत, जीवित÷मृत जनावर, कीराहरु तथा यार्सागुम्बा, रक्तचन्दन, तेजपात र दालचिनी जस्ता वनस्पतिजन्य नमुना आदि रहेका थिए। विगतमा झैं चुनौतीपूर्ण जैविक नमुनाहरुको यकिन DNA Sequencing मार्फत संभव भएको थियो। यस्ता नमुनाहरु प्रहरी कार्यालय, वन कार्यालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, संरक्षण क्षेत्र, पशुसेवा कार्यालय, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, भन्सार कार्यालय आदिबाट प्राप्त भएका थिए।

प्राविधिकरुपमा यस इकाईमा हाल विश्वस्तरको सेवा सुविधा र प्रविधि रहेको छ। विश्वव्यापीरुपमा प्रयोग भइरहेको अधिकांश सेवा सुविधा उपलब्ध रहेको छ। विभिन्न किसिमका जैविक नाताकायम, विभिन्न नमुनाहरुबाट अपराधी यकिन, स्रोत यकिन (जनावर÷वनस्पति), लिङ्ग यकिन जस्ता नियमित सेवा सुविधा रहेको छ। प्रचलित नियमित डीएनए प्रविधिबाट पहिचान,

राय प्रतिवेदन संभव नहुने अवस्थामा यस क्षेत्रमा हालका अत्याधुनिक र विश्वसनीय Next Generation Sequencing प्रविधि समेत उपलब्ध रहेको छ। यस प्रविधि÷उपकरणबाट नियमित सँगै जटिल खालका केस समेतका नमुना परीक्षण सुविधा नेपालमै उपलब्ध हुन सक्नेछ। हाल उपलब्ध प्रविधिहरु यसप्रकार छन् Autosomal STR, Y-STR, X- STR, Human mtDNA Whole Genome Sequencing, Species ID by universal primer, selected Animal STR, Sex Determination using Y-Specific Markers, SNPs आदि ।

व्यापक सुविधा हुँदाहुँदै पनि नमुनाको उचित रुपमा संकलन र सुरक्षण नभएको कारण आवश्यक नतिजा प्रभावित हुने गर्दछ। यसमा मुख्यतः बच्चा जन्म पुर्वको पितृत्व नाता Pre-natal Paternity स्थापित गर्नुपर्ने केसमा POC (Product of conception) उपयुक्त नमुना नभएको तर निरन्तर त्यस्ता नमुना प्राप्त हुनु, फर्मालीन Formalin मा सुरक्षित नमुना डिएनए परीक्षणका लागि उपयुक्त नहुनु आदि चुनौतीको रुपमा रहेको छ। अतः नमुना सम्बन्धी आवश्यक निर्देशिकाहरु (Guidelines) निर्माण तथा कार्यान्वयन समेतका लागि सरोकारवाला निकायबीच समन्वय र सहकार्य जरुरी छ ।

डीएनए सम्बन्धी कतिपय परीक्षण सुविधा नेपालमा हाल यस प्रयोगशालामा मात्र उपलब्ध रहेको छ।

## ९. वन्यजन्तु इकाई

यस इकाईमा आ.व.२०८१÷८२ मा विभिन्न निकायहरुबाट कुल ४३ केसका ५१ नमुनाहरु परीक्षणका लागि प्राप्त भएकोमा सबै नमुनाहरु परीक्षण गरी राय प्रतिवेदन दिईयो। वन्यजन्तुसम्बन्धी नमुनाहरु मुख्यतः राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन विभाग र मातहतका डिभिजन वन कार्यालयहरु बाट प्राप्त भएका थिए।

यस इकाईमा परीक्षणका लागि प्राप्त हुने आखेटोपहार÷नमुनाहरु विविधतायुक्त रहेका छन्। शंकित गैंडाको खाग, हात्तीको चपाउने दाँत र हाड, कस्तुरीको बीना, पाटेबाघ, चितुवा, हिउँचितुवा, ध्वाँसेचितुवा आदिको छाला, खप्पर, दाँत, हाड, रौं तथा नङ्ग्रा, चित्तल, जरायो र रतुवा मृगको छाला र सिंग, चित्तलको रौं, घोरलको सिंग र मासु, झारलको मासु, सालकको खपटा र खपटासहितको छाला, रेड पाण्डाको छाला आदि परीक्षणका लागि प्राप्त भएका थिए। यसबाहेक सुनगोहोरो, डाँफे र कालिजको मासु, जुरे दुम्सी र मलाया दुम्सीको काँडा र मासु, बँदेलको मासु, चित्तल र रतुवा मृगको मासु र सुकुटी, भैंसीको हाडबाट बनेका विभिन्न वस्तु, हिमाली कालो भालुको पित्तथैली, कीरा (Coridius nepalensis) तथा यार्सागुम्बा, दालचिनी र तेजपात, झ्याऊ (Lichen), रक्तचन्दन जस्ता वनस्पतिजन्य नमुना समेत परीक्षणका लागि प्राप्त भएका थिए। त्यसैगरी, Fallow deer (Dama dama) को सिंग, पूर्वी तथा दक्षिणी अफ्रिकामा

पाईने Greater Kuda (Tragelaphus strepsiceros) को सिंगसमेत प्राप्त भई परीक्षण गरिएको थियो।

वन्यजन्तुका प्राप्त नमूनाहरुमध्ये ४० केसका ४७ नमूना DNA Sequencing प्रविधिबाट र बाँकी भौतिकमापन र रासायनिक परीक्षणबाट यकिन गरिएको थियो ।

## १०. बायोलोजी तथा सिरोलोजी इकाई

यस आ.व. २०८१÷८२ मा सिरोलोजी इकाईमा प्राप्त २ वटा शंकित गौवधका केसमा नमुना रगत भए नभएको बारे परीक्षण गरिएको थियो । हाल प्रयोगशालामा रगत परीक्षण Benzidine र Takayama test तथा मानव रगत, वीर्य र ऱ्याल को लागि विश्वसनीय Body Fluid detection Kit (RSID Kit) प्रयोग गरिन्छ ।

बायोलोजी शाखा अन्तर्गतका विभिन्न इकाईमा प्राप्त र परीक्षण भएका केसहरुको विस्तृत विवरण तल दिईएको तालिकामा उल्लेख गरिएको छ ।

### तालिका ९ आ.व.२०८१-८२ मा बायोलोजी शाखामा प्राप्त केस /नमुनाको विस्तृत विवरण

| इकाई | आ.व. २०८०।८१को पेन्डिङ्ग | आ.व.२०८१।८२ | | | | | | | | आ.व. ०८१।८२को पेन्डिङ्ग |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | केस (नमुना) प्राप्ति | | | | केस (नमुना) परीक्षण | | | | |
| | | अदालत | प्रहरी | अन्य | जम्मा | अदालत | प्रहरी | अन्य | जम्मा | |
| डीएनए | २(४) | २० (५१) | ५२ (१००) | १११ (२६८) | १८३ (४१९) | २० (५१) | ५१ (९८) | १११ (२६८) | १८२ (४१७) | ३(६) |
| वन्यजन्तु | - | - | - | ४३ (५१) | ४३ (५१) | - | - | ४३ (५१) | ४३ (५१) | - |
| बायोलोजी तथा सिरोलोजी | - | - | २ (५) | - | २ (५) | - | २ (५) | - | २ (५) | - |
| **जम्मा** | **२ (४)** | **२० (५१)** | **५४ (१०५)** | **१५४ (३१९)** | **२२८ (४७५)** | **२० (५१)** | **५३ (१०३)** | **१५४ (३१९)** | **२२७ (४७३)** | **३(६)** |

प्राप्त अधिकांश केस नागरिक बडापत्रमा उल्लेखित समयसीमा भित्र नै परीक्षण सम्पन्न गरिएको छ । नमूनाको प्रकृति सँगै स्रोतको विविधता, एउटै DNA Analyzer बाट Sequencing तथा STR परीक्षण एउटै उपकरणबाट सम्पन्न गर्नुपर्ने जस्ता कारणले केही केस परीक्षणको समयावधि प्रभावित भएको थियो।

## तालिका १० सम्पादित केस र परीक्षण समयावधि

| परीक्षण अवधि | वन्यजन्तु | डी.एन.ए. | | | बायोलोजी/ सेरोलोजी |
|---|---|---|---|---|---|
| | | जैविक नाताकायम | स्रोत यकिन | | |
| | | | वन्यजन्तु | गौवध र अन्य | |
| ३ दिन भित्र | १२ (२७.९%) | २ (१.७%) | – | – | – |
| ७ दिन भित्र | १८ (४१.८%) | ८ (६.९%) | ५ (१२.५%) | – | – |
| १५ दिन भित्र | २७ (६२.८%) | २६ (२२.४%) | १५ (३७.५%) | ४ (१५.३८%) | – |
| ३० दिन भित्र | ३७ (८६%) | ६१ (५२.५%) | ३१ (७७.५%) | १६ (६१.५%) | – |
| ३० दिन भन्दा बढी | ४३ (१००%) | ११६ (१००%) | ४० (१००%) | २६ (१००%) | २ (१००%) |
| कुल जम्मा केस | ४३ | ११६ | ४० | २६ | २ |
| | | १८२ | | | |

नोटः क्रमशः कोष्ठ बाहिर र भित्रको केस संख्या र प्रतिशत हो ।

यस बायोलोजी शाखासम्बद्ध, विभिन्न अदालतबाट आदेश भएका सबै १० केसमा बकपत्र कार्य सम्पन्न गरिएको थियो।

## ११. विवादित प्रलेख शाखा

यस शाखामा आ.व. ०८१/८२ मा परीक्षणको लागि प्राप्त हुन आएका २५४ केसहरूका १५८३ नमूनाहरु थिए। यस आ.व.मा ३१५ केसका १९५७ वटा नमूनाहरु परीक्षण गरिए। २०८२ असार मसान्त सम्ममा ७३ केसका ३५८ नमूनाहरु पेण्डिङ्ग रहे।

### तालिका ११ आ.व. ०८१-८२ को विवादित प्रलेखका केसहरुको प्रकृति

| क्र.सं | केस प्रकृति | केस संख्या |
|---|---|---|
| १ | ल्याप्चे | ४८ |
| २ | दस्तखत | ७६ |
| ३ | ल्याप्चे · दस्तखत | ७९ |
| ४ | लिफा | २ |
| ५ | हस्ताक्षर | १७ |
| ६ | हस्ताक्षर · दस्तखत | ६ |
| ७ | ल्याप्चे छाप · लिफा | २ |
| ८ | सच्याइएका लिखत | १३ |
| ९ | बैंक नोट | ९ |
| १० | अन्य | २ |
| | जम्मा | २५४ |

यस इकाईमा विशेषज्ञहरुको बोर्ड गठन गरी १० केसका १९ नमुनाहरूको परीक्षण गरीएका छन्। यस आ.व. तथा अघिल्ला आ.व. हरुमा परीक्षण गरिएका केसहरु मध्ये कूल ४२ वटा केसको अदालतमा गई वकपत्र गर्ने कार्य यसै आ.व. मा सम्पन्न गरियो। यस शाखामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा अन्य सरकारवादी मुद्धाहरुमा प्राप्त कागजातहरु निःशुल्क परीक्षण गर्ने गरिएको छ।

विवादित प्रलेख शाखामा यस आ.व.मा वागमती लगायत कोशी, मधेश, गण्डकी, लुम्बिनी, कर्णाली तथा सुदुरपश्चिम प्रदेशबाट समेत नमुनाहरु परीक्षणका लागी प्राप्त भएका छन् *(रेखाचित्र १)*।




आ.व.०८१/८२ मा यस शाखामा प्रहरीबाट १२.७० प्रतिशत, अदालतबाट ८४.३३ प्रतिशत र अन्य संघ संस्थाहरु जस्तैः अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बैदेशिक रोजगार विभाग, श्रम विभाग, बैदेशिक रोजगार न्यायाधिकरण, जिल्ला प्रशासन कार्यालयहरु, लोक सेवा आयोग, बैंकहरु, राजश्व अनुसन्धान, कर्मचारी संचय कोष, सहकारी संस्थाहरु तथा व्यक्तिगत रुपमा समेत गरी २.९७ प्रतिशत थिए (रेखाचित्र २)।




## १२. शाखा कार्यालय तर्फः

### (क) शाखा कार्यालय, बर्दिवास, महोत्तरी

राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, शाखा कार्यालय, बर्दिवास, महोत्तरीबाट स्थापनाकालदेखि विवादित प्रलेख अन्तर्गतका परीक्षण कार्यहरु सुचारु भएकोमा यस आ.व. ०८१/८२ को पुस महिनाबाट केमेष्ट्रि तथा नार्कोटिक्स इकाई अन्तर्गत लागुऔषध सम्बन्धी परीक्षण कार्यको थालनी गरिएको छ । सोही क्रममा प्रयोगशालाको थप प्रचार प्रसार हुँदै गए अनुरुप केस प्राप्तीको संख्या पनि यस प्रयोगशालामा विगतका आर्थिक वर्षहरुको (०७७/७८ मा ७६, ०७८/७९ मा १६८, ०७९/८० मा २७३, ०८०/८१ मा ३१४) तुलनामा यस आ.व. ०८१/८२ मा उल्लेखनिय वृद्धि भएको अवस्था छ ।

आ.व. ०८१/८२ मा यस प्रयोगशालामा ५५६ केसका ३,०७४ नमुना प्राप्त भएका छन् जसमध्ये ४६४ केशका २,७६२ नमुनाहरु परीक्षण गरिएका छन् । केस प्राप्ति एवं परीक्षणको विस्तृत विवरण तालिका नं. १२ मा दिइएको छ।

## तालिका १२: आ.व. ०८१/८२ मा परीक्षणका लागि प्राप्त भएका केस संख्या र सेवाग्राही निकायहरु

| इकाई | आ.व. ०८०/८१ को पेण्डिङ्ग | आ.व. ०८१/८२ को | | | | | आ.व. ०८१/८२ को पेण्डिङ्ग |
|---|---|---|---|---|---|---|---|
| | | प्राप्त | | | | परीक्षण | |
| | | अदालत | प्रहरी | अन्य | कुल | | |
| विवादित प्रलेख | ३८ (१४३) | २५२ (९६२) | ३३ (३९५) | १२ (६१२) | २९७ (१९७७) | २३३ (१७५७) | ६४ (२२०) |
| केमेष्ट्रि तथा नार्कोटिक्स | ० (०) | ० (०) | २५८ (१०९६) | १ (१) | २५९ (१०९७) | २३१ (१००५) | २८ (९२) |
| जम्मा | ३८ (१४३) | २५२ (९६२) | २९१ (१४९१) | १३ (६१३) | ५५६ (३०७४) | ४६४ (२७६२) | ९२ (३१२) |

*नोटः कोष्ठ बाहिरको केस संख्या र कोष्ठ भित्रको नमुना संख्या हो ।*

प्राप्त केसहरु मध्ये ४५.३२ प्रतिशत अदालतहरुबाट, ५२.३४ प्रतिशत प्रहरी कार्यालयहरुबाट र २.३४ प्रतिशत अख्तियार दुरुपयोग अनुसन्धान कार्यालयहरुबाट परीक्षणको लागि यस प्रयोगशालामा प्राप्त भएको छ । आ.व. २०८२ असार मसान्त सम्ममा ९२ केसका ३१२ नमुनाहरु पेण्डिङ्ग रहेका छन् जसमध्ये ६४ वटा केसहरुका थप नमुना मागमा र २८ केसहरु रोलक्रममै रहेको कारणले पेण्डिङ्ग रहन गएका छन्।

